लोक सेवा आयोग

अप्राविधिक तर्फका विभिन्न सेवा/समूह, राजपत्र अनंकित प्रथम श्रेणी,
नायब सुब्बा वा सो सरह पदको द्वितीय चरणको खुला प्रतियोगितात्मक लिखित परीक्षा
मिति: २०८२/८/१

समय: २ घण्टा ३० मिनेट **पत्र: द्वितीय** **पूर्णाङ्क: १००**

विषय: समसामयिक अध्ययन र सार्वजनिक सेवा व्यवस्थापन

(Contemporary Studies and Public Service Management)

तलका प्रश्नहरूको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ ।

खण्ड (Section) – A — 35 Marks

1. नेपालमा जलसम्पदाको उपयोगको अवस्थाबारे लेख्नुहोस् । **5**
Write about the status of utilization of water resources in Nepal.

2. जलवायु परिवर्तन भनेको के हो ? जलवायु परिवर्तनका असर र प्रभावबारे उल्लेख गर्नुहोस् । **1+4=5**
What is climate change? Mention the effect and impacts of climate change.

3. जनसांख्यिक लाभलाई परिभाषित गर्नुहोस् । देश विकासको सन्दर्भमा यसको महत्त्व उदाहरणसहित व्याख्या गर्नुहोस् । **1.5+3.5=**
Define demographic dividend. In the context of country's development, explain its importance with examples.

4. सामाजिक सञ्जालको प्रयोगमा देखापरेका सकारात्मक तथा नकारात्मक पक्षहरू उजागर गर्नुहोस् । **2.5+2.5=**
Highlight the positive and negative aspects observed in the use of social media.

5. चालु सोह्रौँ आवधिक योजनाको सोच र उद्देश्यहरू लेख्नुहोस् । **5**
Write down the vision and objectives of the current sixteenth periodic plan.

6. नेपालमा आर्थिक विकासका चुनौतीहरू के के हुन् ? उल्लेख गर्नुहोस् । साथै, आर्थिक विकासमा सहकारी क्षेत्रले कसरी योगदान पुऱ्याउँदछ ? लेख्नुहोस् । **5+5=10**
What are the challenges of economic development in Nepal? Mention. Also, how does the cooperative sector contribute to the economic development? Write down.

खण्ड (Section) – B — 35 Marks

7. संघीय शासन प्रणालीमा विभिन्न तहका सरकारहरूबीच भूमिका र जिम्मेवारी बाँडफाँड किन गरिन्छन् ? स्पष्ट पार्नुहोस् । **5**
What is meant by federal governance system? Why are the roles and responsibilities divided among different tiers of governments in the federal governance system? Clarify.

8. नेपालको सन्दर्भमा नागरिकका दायित्व तथा कर्तव्यहरू उल्लेख गर्नुहोस् । **5**
In the context of Nepal, mention the obligations and duties of citizens.

9. कानूनका श्रोतहरू के के हुन् ? कानूनको क्षेत्रमा नजीर किन महत्त्वपूर्ण मानिन्छ ? उल्लेख गर्नुहोस् । **3+2=5**
What are the sources of law? Why is precedent considered important in the field of law? Mention.

10. समानुपातिक प्रतिनिधित्वको अवधारणा संक्षेपमा लेख्नुहोस् । के नेपालमा समानुपातिक प्रतिनिधित्वको अवधारणालाई व्यवहारमा कार्यान्वयन गरिएको छ ? उदाहरणसहित लेख्नुहोस् । **5**

Write in short the concept of proportional representation. Has the concept of proportional representation been implemented in practice in Nepal? Write with example.

11. नेपालको भ्रष्टाचार नियन्त्रणमा नागरिक समाजको भूमिकाबारे चर्चा गर्नुहोस् । **5**

Discuss about the role of civil society in controlling the corruption of Nepal.

12. 'सूचनाको हक' भन्नाले के बुझिन्छ ? यसले सुशासनलाई कसरी प्रवर्धन गर्न सहयोग गर्दछ ? लेख्नुहोस् । साथै, नेपालमा सूचनाको हकलाई प्रचलनमा ल्याउन के के संवैधानिक र कानूनी व्यवस्थाहरू गरिएका छन् ? चर्चा गर्नुहोस् । **2+4+4=1**

What is meant by right to information? How does it help to promote good governance? Write down. Also, what constitutional and legal provisions have been made to implement the right to information in Nepal? Discuss.

खण्ड (Section) – C — 30 Marks

13. व्यवस्थापन सूचना प्रणाली (MIS) भनेको के हो ? सरकारी कार्यालयमा यो किन आवश्यक छ ? लेख्नुहोस् । **1+4=5**

What is Management Information System (MIS)? Why is this important in government offices? Write down.

14. आन्तरिक लेखापरीक्षणले आर्थिक अनुशासन कायम गर्न कसरी मद्दत पुऱ्याउँछ ? उल्लेख गर्नुहोस् । **5**

How does internal audit help to maintain financial disciplines? Mention.

15. नेपालमा बजेटको उद्देश्यहरू के के हुन सक्दछन् ? वर्णन गर्नुहोस् । **5**

What can be the objectives of budget in Nepal? Describe.

16. मानवश्रोत व्यवस्थापनको तत्वहरू वर्णन गर्नुहोस् । **5**

Describe the components of human resource management.

17. नेपालको सन्दर्भमा सार्वजनिक सेवा भन्नाले के बुझिन्छ ? सार्वजनिक सेवाको विद्यमान अवस्था लेख्नुहोस् ? यसलाई थप नागरिकमैत्री बनाउन के-कस्ता पक्षहरू सुधार गरिनुपर्छ ? बयान गर्नुहोस् । **2+3+5=1**

What is meant by public services in the context of Nepal? Write down the current status of public services. What aspects should be improved to make it more citizen-friendly? Explain.

«« समाप्त »»

Re-typed for readability by Loksewa Pathsala from the question paper of the Public Service Commission (Lok Sewa Aayog), Nepal. If there is any difference, the original paper published by the Commission prevails.
Please share the page link loksewapathsala.com, not this file.